परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष १० ❑ अंक ४६ २०७९ असार १९ गते आईतवार Sunday 3, JUL 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## व्यापार संघ र उद्योग संगठनद्धारा पीडितको लागि राहत सामग्री हस्तान्तरण



विराटनगर । हालै आएको अविरल वर्षाका कारण मोरङ जिल्लाका विभिन्न स्थानमा प्रभावित हुन पुगेका सर्वसाधारण एवं बाढी पीडितहरुका लागि जिल्ला प्रशासन कार्यालय मोरङबाट मार्फत वितरण गर्न राहत सामग्री हस्तान्तरण गरिएको छ ।

मोरंग व्यापार संघ र उद्योग संगठन मोरङको तर्फबाट राहत सामग्रीहरु, चाउचाउ ३५ कार्टुन, विस्कुट ११ कार्टुन, भुजा १०० बोरा, चिउरा २० बोरा र पानी ३५ कार्टुन उपलब्ध गराईएको छ ।

संघका अध्यक्षश्री नवीन रिजाल र उद्योग संगठन मोरङका उपाध्यक्ष नन्दकिशोर राठीले संघका निवर्तमान अध्यक्ष प्रकाश मून्दड र का.का.सदस्यश्री गोपाल अग्रवाल लगायतको उपस्थितिमा जिल्ला प्रशासन कार्यालय मोरङका सहायक प्रमुख जिल्ला अधिकारी महेशराज तिम्सिनालाई उक्त राहत सामग्रीहरु हस्तान्तरण गरेको थियो ।

## अविरल वर्षाको कारण मोरंगमा १७ सय भन्दा बढी परिवार विस्थापित

विराटनगर । मंगलवार र बुधवार परेको अविरल वर्षाको कारण मोरंगको १ हजार ७ सय १८ परिवार विस्थापित भएका छन् ।

विराटनगरको पूर्वमा रहको सिघिया नदी र पश्चिममा रहको केशलिया नदीमा आएको बाढीले सैयौ परिवारलाई विस्थापित गरको थियो । त्यसैगरी मोरंगकै रतुवा खुला, लोहन्द्र खोला, बक्राह खोला लगायत स(सना खोलामा आएको बाढीले सो संख्याको घरपरिवार विस्थजापित भएको जिल्ला प्रशासन कार्यालय मोरंगले जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले विस्थापित परिवारलाई विद्यालय, सार्वजनिक स्थल, सामुदायिक भवन समेतमा अस्थायी बसोबासको व्यवस्था मिलाई संरक्ष गरिएको वताउँदै विस्थापितमध्ये सबैभन्दा बढी परिवार विराटनगर महानगर पालिकाकामा रहेको जानकारी गराएका थिए ।

महानगरपालिकाको पनि सिङ्घिया र केशलिया खोला आसपासमा बसोबास गर्दै आएका सुकुम्बासी बढी प्रभावित रहेको थियो । विस्थापित हुने परिवार विराटनगर सहित जहदा, कटहरी, धनपालथान, ग्रामथान र बूढीगङ्गा गाउँपालिका तथा रङ्गेली नगरपालिकाका रहेका छन् ।

दुई दिन भीषण वर्षा हुँदा मोरङका अधिकांश स्थान डुबानमा परी बस्नसक्ने अवस्था नभएपछि सर्वसाधारण विस्थापित बनेको थियो । वर्षा रोकिएसँगै अवस्था सामान्य बनेर डुबानमा परेका स्थानमा पानी कम हुँदै गएपछि विस्थापितहरु ऋा(आफ्नो घरतिर फर्कि सकेका छन् ।

'डुबान भएका क्षेत्रमा चार फिटसम्म पानी जमेको थियो । अहिले पानीको सतह घट्दै गएर डुबानमुक्त भएपछि विस्थापितहरु आफ्नै घर फर्कि सकेका छन् ।

मौषम विभागको पूर्व अनुमान अनुसार यसपछि वर्षा

वांकी अन्तिम पेजमा...

## नव निर्वाचित जनप्रतिनीधीहरुलाई सम्मान

विराटनगर । कटहरी गाउँ पालिकामा नव निर्वाचित जनप्रतिनिधीहरुलाई राजवंशी समाज विकास समितिले सम्मान गरेका छन् ।

बैशाख ३० गते सम्पन्न भएको स्थानीय तहका निर्वाचनमा निर्वाचित भएका जनप्रतिनिधी हरुलाई शनिवार समाजले सम्मान गरको हो ।

सम्मानित हुनेहरुमा कटहरी गाउँपालिकाको नव निर्वाचित अध्यक्ष देवराज चौधरी, उपाध्यक्ष सितादेवी राजवंशी लगायत ७ वटै वडा अध्यक्ष तथा सदस्यहरुलाई गम्छा र सम्मान पत्र प्रदान गरी समाजका अध्यक्ष उमेश राजवंशीले सम्मान गरेका थिए ।

समान कार्यक्रममा राजवंशी समाजका केन्द्रीय अध्यक्ष भिमराज राजवंशी, जिल्ला अध्यक्ष प्रशुराम राजवंशी, जग्गादाता केशराज राजवंशी लगायत राजवंशी समुदायका समाज सेवीहरुको सहभागितामा रहेको थियो ।

सम्मान कार्यक्रममा बोल्दै राजवंशी समाजका केन्द्रीय अध्यक्ष भिमराज राजवंशीले भने 'समाज परिवर्तनका लागि जनप्रतिनिधिले सदैव समाजको विकास, उत्थानको सपनालाई सकार पार्ने उदेश्यका साथ अगाडी बढ्न आग्रह गरको थियो ।

सम्मान कार्यक्रम समाजको

वांकी ३ पेजमा...

## जोखिम नक्साङ्कनको काम अन्तिम चरणमा

विराटनगर । प्रदेश १ का आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले प्रदेश सरकारले विपद् हुनपुर्व नै नागरिकलाई सुरक्षित स्थानमा सार्नका लागि जोखिम क्षेत्रको नक्साङकनको काम अन्तिम चरणमा पूर्याएको वताएको छ ।

बिहीबार सुनसरी चतरामा आयोजित विपदका समयमा सुरक्षाकर्मीको पूर्व अभ्यास कार्यक्रममा मन्त्री कार्कीले सधैंको वर्षा पछि आउने समस्यालाई समाधान गर्नका लागि सरकारले बजेटको व्यवस्थापन गरेर काम गरेको बताएका हुन् ।

मन्त्री कार्कीले विपद्का वेला हरेक नागरिकको जिम्मेवारी उत्तिकै रहने भएकाले विपद्का बेला श्रोत साधनसहित मानसिक रूपमा तयार जनशक्ति उत्पादन गर्ने उल्लेख उल्लेख गर्दै 'पहिले पहिले पनि बाढी आउँथ्यो, आगलागी हुन्थ्यो तर समाजकै जनशक्ति कसैले त्यो नियन्त्रण हुने हुन्थ्यो । उहाँले भन्नुभयो, अहिले कहीं विपद् पऱ्यो भने, मान्छे मोबाइल निकाल्छ फोटो खिच्छ, फेसबुकमा हाल्छ अनि सुरक्षाकर्मी, नेता खोइ ? भन्दै प्रश्न गर्न थाल्छ ।'

समाजमा सबै जिम्मेवार भएर काम गर्नुपर्नेमा उहाँको जोड छ । सुनसरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले विपद व्यवस्थापनको क्षेत्रमा प्रदेश सरकारले महत्त्वपूर्ण सहयोग गर्दै आइरहेको बताए । विपत्लाई रोक्नका लागि विपत हुनुभन्दा अगाडि हुने विकाश निर्माणका काम गर्दा समेत भू बनोट अनुसार काम गर्नुपर्नेमा जोड दिए ।

देख्दा यथार्थ जस्तै लाग्ने अभ्यास मन्त्रालयले सुनसरीको वराहक्षेत्र नगरपालिका स्थित चतरामा आयोजना गरेको हो । अभ्यासमा विपद्का बेला हुने घटनालाई अभ्यास मार्फत चित्रण गर्दै उद्धारको काम गरेका थिए ।

वांकी ६ पेजमा...

## स्वच्छ खाद्य पदार्थ उपभोगका लाग अनुरोध

- प्याक भएका खाद्य पदार्थहरुको लेवलमा उत्पादन मिति, उपभोग्य मिति, व्याच नं., तौल, उद्योगको नाम ठेगाना आदि हेरेर मात्र उपभोग गरौं ।
- अस्वभाविक रंग भएका रंगीचंगी खाद्य पदार्थ उपभोग नगरौं ।
- खाद्य पदार्थको गुणस्तर सम्वन्धमा कुनै गुनासो भए सम्बन्धित निकायमा जानकारी गराऔं ।
- साथै खाद्य पदार्थ उत्पादक उद्योगले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयवाट अनुज्ञापत्र लिएपछि मात्र उत्पादन तथा विक्री वितरण गर्ने गरौं ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय विराटनगर
सम्पर्क :- ०२१४७०८२८



## स्थानीय...

अनिलदेव राई, मिडिया नेपालका अध्यक्ष रञ्जित प्रसाई, नारी सञ्चार गृहकी अध्यक्ष भीमा शिवाकोटी, स्वतन्त्र पत्रकार संघ झापाका अध्यक्ष तथा मिडिया एक्सनका प्रदेश संयोजक नरेन्द्र ढकाल, प्रेस क्लव शिवसताक्षीका अध्यक्ष सेलिङ केसी तथा पत्रकारहरु प्रेम राई, लीला अनमोल, चिरञ्जिवी घिमिरे, चुडामणि तिम्सिना, दिलीप घिमिरे, चन्द्रकान्त ढकाल लगायतले विभिन्न सुझाव राखेका थिए ।

महासंघ झापाका उपाध्यक्ष केशव भट्टराईले स्वागत र सचिव डिकेश लामाले कार्यक्रमको सञ्चालन गरेका थिए । स्थानीय सरकारले बनाउने सञ्चार सम्बन्धी ऐन तथा नीति निर्माणमा सहयोग पुग्नेगरी महासंघले कार्यशालामा आएका सुझावहरुलाई पालिकाहरुमा पेस गर्न सहसचिव अर्जुन राजवंशी सहितलाई जिम्मेवारी दिएको छ ।

स्थानीय नीति तथा कानून बनाउने विषयमा जनप्रतिनिधिहरु स्पष्ट हुनुपर्ने, पत्रकारको क्षमता विकास र महासंघको संस्थागत विकास तथा स्थानीय सञ्चारमाध्यमको प्रबर्द्धनमा स्थानीय सरकार गम्भीर हुनुपर्ने, पत्रकारितामा महिलालाई प्रोत्साहित गर्नुपर्ने, स्थानीय सूचना अनिवार्य रुपमा स्थानीय सञ्चारमाध्यममा प्रकाशन/प्रशारणको व्यवस्था गरिनुपर्ने, स्थानीय तहमा बन्ने आमसञ्चार समन्वय तथा परामर्श समितिमा विज्ञ र स्वतन्त्र व्यक्तिलाई राख्नुपर्ने, अन्य सञ्चारमाध्यम झैं अनलाइनलाई पनि स्थानीय तहमा नै दर्ता गर्नुपर्ने, निर्देशनात्मक र हुकुमी शैली भन्दा पनि आग्रह, समन्वय र सहकार्यको भावना सञ्चार नीतिमा झल्किनुपर्ने सुझाव सहभागीले राखेका छन् ।

पत्रकार महासंघ र स्थानीय सञ्चारसम्बद्ध सरोकारवालासँग छलफल नगरी लाखौं खर्च गरेर एनजीओले बनाउने सञ्चार सम्बन्धी कानून आफूहरुलाई मान्य नहुने भन्दै सहभागी सञ्चारकर्मीले सरोकारवालासँग छलफल, समन्वय र सहकार्यका लागि स्थानीय सरकारहरुलाई आग्रह गरेका छन् ।

## जोखिम...

कार्यक्रममा वराहक्षेत्र नगरपालिकाका मेयर रमेश कार्की सहित तिन वटै सुरक्षा निकायका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## अविरल...

अध्याधिक हुने भएकोले बाढीबाट बच्न पूर्व सावधानी अपनाउन र बाढी हुन सक्ने स्थानका पहिचान गरी त्यसलाई समयमै व्यवस्थापन गर्न बाढीको क्षतिबाट बच्न पूर्व तयारीमा लाग्न सुझाव दिएको छ । सो अनुसारको तयारी संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले नगरेको बाढी पिडितहरु गुनासो गरेका छन् ।

## नव निर्वाचित...

अध्यक्षको अध्यक्ष उमेश राजवंशीका अध्यक्षतामा सम्पन्न भएको थियो ।

## श्रीमतिलाई आगो लगाई मार्ने श्रीमान प्रहरीको नियन्त्रणमा

विराटनगर । श्रीमतीलाई आगो लगाई ज्यान मार्ने श्रीमानलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

शुक्रवार जिल्ला मोरङ रंगेली नगरपालिका वडा नं.-१ बिर्ताबजार बस्ने तिलका मल्लिकले घरायसी विवादका करण ३१ वर्षकी श्रीमति बबिता मल्लिकलाई मट्टीतेल छर्की आगो लगाई फरार रहेकोमा थप अनुसन्धान पश्चात निजको



श्रीमान तिलका मल्लिकलाई इलाका प्रहरी कार्यालय रंगेलीबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको हो ।

मट्टीतेल छर्की आगो लगाउँदा घाइते भएकी बबिता मल्लिकको उपचारकै क्रममा कोशी अस्पताल विराटनगरमा शुक्रवार मृत्यु भएको हो ।

उक्त आगो लागीबाट घर भित्र रहेको लत्ता कपडा, भाडावर्तन अन्नपात गरी जम्मा अन्दाजी रू २ लाख बराबरको क्षति भएको थियो ।

## चिठी मार्फत फिरौति माग गर्ने दुई जना पक्राउ

विराटनगर । चिठी मार्फत फिरौति माग गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेका छन् ।

शुक्रवार जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ३ बस्ने मुकेश शर्मालाई जिल्ला मोरङ पथरीशनिश्चरे नगरपालिका वडा नं. ६ घर भई हाल विराटनगर महा नगरपालिका वडा नं. ४ कञ्चनबारीमा बस्ने वर्ष ३९ को गणेश कुमार कार्कीले जेठ ३१ गते चिठी पठाई पटक-पटक फोनगरी फिरौति माग गर्ने दुई जनालाई पक्राउ गरिएको हो ।

जेठ १७ गते मुकेश शर्माले आइएमइ मार्फत रू २५ हजार पठाएकोमा जिल्ला मोरङ पथरीशनिश्चरे नगरपालिका वडा नं. ६ हसन्दह स्थित रहेको आइएमइबाट जिल्ला मोरङ पथरीशनिश्चरे नगरपालिका वडा नं. ६ बस्ने वर्ष २६ को



विशाल ऋषिदेवलाई उक्त रकम सहित नियन्त्रणमा लिईएको छ ।

उक्त घटनामा संलग्न गणेश कुमार कार्कीलाई समेतलाई नियन्त्रण लिई थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।




## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र बिक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौं ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं ।
- ❒ सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।

## चट्याङबाट बचौं र बचाऔं

चट्याङबाट बच्न,

घर बाहिर हुनुहुन्छ भने,

- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछामार्ने तथा र्‍याफ्टिङ जस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,

घर भित्र हुनुहुन्छ भने,

- विद्युतीय सामग्रीहरु जस्तै टीभी, कम्प्युटर, फ्रिज, वासिंग मेशिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाइन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार ध्रेरो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, painless प्रसुती सेवा, Emergency सेवा नया एंव अध्याधिक भरपर्दो (ICU/MICU,NICU) तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौं ।

### हाम्रो सेवाहरु :-

- ★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
- ★ रोग सम्बन्धी (PICU,NICU With Ventilator) सेवा
- ★ जनरल फिजिसियन सेवा
- ★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्बन्धी सम्पूर्ण सेवा
- ★ Minor & Major surgery सेवा
- ★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
- ★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
- ★ 24 Hours Emergency सेवा
- ★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
- ★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
- ★ इनफर्टिलिटी क्लिनिक सेवा
- ★ X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# सुकुम्वासीको बास नदी किनार

*नेपाल प्राकृतिक रुपमा तीन भागमा वाँडिएको छ । हिमाल, पहाड र तराई मधेश यी तिनै ठाउँमा प्राकृतिक विपत्तीहरु प्रत्येक वर्ष आउने गरको छन् । हिमाली क्षेत्रमा हिमपात भएर वर्षेनि करौडौको क्षति लगायत मानवीय क्षति समेत हुने गरको छ । त्यसैगरी पहाडी क्षेत्रमा वर्षात आममा पहिरो जाँदा र तराई मधेशमा अविरल वर्षा हुँदा मानवीय क्षति संग धनजनको समेत क्षति हुने गरको छ । ती क्षति हुनेहरुमा प्राय जसो जग्गा विहीनहरु जसको घर वनाउन जग्गा छैन । सुकुम्वासी भएर वाध्यता वस नदी किनारमा आफ्नो सानो छाप्रो बनाएको हुन्छ त्यो पनि नदीमा आएको बाढीले बगाएर लान्छ । जसमा मानवीय र धनजानको समेत क्षति हुने गरको छ । यी क्षतिलाई रोक्न सरकारको जिम्मेवारी भएतापनि त्यसको दिर्धकालीन सामाधान खोजिदैन । जसले गर्दा नदी किनारा र डुबान क्षेत्रमा घर वनाएर वसेकाहरुको उठी वास नै हुन्छ ।*

*नेपालको संविधानले प्रत्येक नेपाली नागरिलाई उपयुक्त आवासको व्यवस्था गरिने छ भन्न उल्लेख हुँदा हुदै पनि ती सुकुम्वासी निमुखा मानिसहरुले आवासको हकपाएको छैनन । तर ती व्यक्तिहरुलाई नेताहरुले भोट बैकको रुपमा प्रयोग गरेको हुन्छ । चुनाव आएको वेला अनेकौ प्रतिवद्धता पत्रहरु सार्वजनिक गर्दछन् । चुनाव जितेर गएपछि सवभन्दा पहिलो आ-आफ्ना नाता गोताको मान्छेलाई करार नियुक्ति दिलाउँछन् । आफ्नो घर गाउँवाट शहरमा सार्दछ । सुकुम्वासी समस्या गाउँमा भन्दा शहरमा बढी नै छ । हालै धनकुट्टा देखि विराटनगर सम्म पैदल यात्रा गरी सुकुम्वासीहरुले जग्गा प्राप्त गर्न भूमि आयोगमा ज्ञापन पत्र बुझाएको छ । तर त्यो कार्यान्वय हुन्छ भन्ने कसैलाई पनि आशा छैन ।*

*आखिर सरकारको त्यत्रो ऐलानी खाली जग्गा भएता पनि किन सुकुम्वासीहरुलाई वासको व्यवस्था गरिदैन । सुकुम्वासीको समुचित वास भएमा प्रत्येकवर्ष आउने प्राकृतिक विपतीमा हुने खर्च त जोगिन्थ्यो । त्यसो पनि गर्न नसके जग्गा खरिद गरी एकिकृत सुकुम्वासी वस्ती वनाएर सुकुम्वासीको पुनरवास गरी दिएमा वर्षै पिच्छे बेघर हुनु पर्देनथ्यो । अर्को कुरा बिपत्तिबाट विस्थापितहरूका लागि सधैं एउटै नीति अख्तियार गर्न कानुनी प्रबन्धै गर्न जरुरी छ । केवल विपत्तिका बेला नगद वा जिन्सी राहत बाँडेर कहिले पनि समस्या सामाधान हुँदैन । तसर्थ वेलामै समस्या सामाधान हुनेगरी एक द्धार निनि निर्माण गरी सुकुम्वासी समस्या समाधान गरी नदी किनार र वाडी आउने जमिनमा वनाइएको घरहरुलाई एउटा मापदण्ड बनाई वाढी आउने ठाउँमा घर वनाउन दिनु हुँदैन ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# स्थानीय सरकारको अगामी कार्यदिशा : याद गर्नु पर्ने ९ विषय

विनोद भण्डारी

स्थानीय तहले पालिकास्तरीय गौरवका आयोजना, सांस्कृतिक, आर्थिक विकास लगायत दीर्घकालीन महत्व राख्ने रणनीतिगत योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

स्थानीय तह निर्वाचन भर्खरै सम्पन्न भएको छ। जनतालाई नजिकबाट सेवा प्रदान गर्ने स्थानीय निर्वाचनपश्चात् कार्यपालिका बन्यो। स्थानीय तहको विकासका लागि चुनावपूर्व प्रस्तुत घोषणापत्र अनुसार निर्वाचित जनप्रतिनिधिले आगामी कार्ययोजना निर्माण गर्नुपर्नेछ। जनताको आवश्यकताको आधारमा पूर्वाधारको खाका कोर्नु र जनआकांक्षालाई पूरा गर्नु उनीहरूको जिम्मेवारी हो। योजनालाई अल्पकालीन र दीर्घकालीन रूपमा निर्माण गर्दै आफ्ना प्रतिबद्धतालाई जनताको आवश्यकतामा परिणत गर्ने र उनीहरूको मन जित्ने यो एउटा चुनौतीपूर्ण अवसर पनि हो।

नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको परिकल्पना गरेको छ। संविधानतः संघ, प्रदेश र स्थानीय तहलाई अधिकार र कार्यक्षेत्र तोकिएको छ। राज्य शक्तिको समुचित प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी स्थानीय तहको एकल अधिकारको सूची तथा तीनै तहको साझा अधिकार सूची संविधानको अनुसूची ८ र ९ मा उल्लेख छ। जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै आर्थिक समानता कायम गर्न भनेको छ। साथै समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने अवधारणा अघि सारेको छ।

देशमा दिगो शान्ति, सुशासन, विकास, कानुनी राज्य र समृद्धिले जनताका आकांक्षालाई पूरा गरी समृद्ध राष्ट्र निर्माण गर्न स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नुपर्छ। संविधानतः र कानुनतः स्थानीय सरकारको काम, कर्तव्य, अधिकार स्पष्ट व्यवस्था भएता पनि स्थानीय सरकारका आगामी कार्यदिशा बारे एकप्रकारको अन्योल देखिन्छ। के गरियो भने जनअपेक्षा पूरा हुन सक्छन् ? स्थानीय सरकार साँच्चिकै जनताको सरकारमा कसरी परिणत हुनसक्छ भन्ने हेतुले केही विषय उठाउने प्रयास गरिएको छ।

१. संवैधानिक अधिकारको जानकारी

स्थानीय तहका जन प्रतिनिधिहरूले संघ, प्रदेश र स्थानीय तहको संवैधानिक अधिकार के कति हो, त्यसको हेक्का राख्नुपर्दछ। संविधानको भावना र मर्म, मौलिक हक, स्थानीय कार्यपालिका, स्थानीय व्यवस्थापिका, स्थानीय आर्थिक प्रणाली, न्यायिक क्षेत्रबारे जानकारी लिनुपर्छ। समितिको व्यवस्था, संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध, स्थानीय तहको एकल र साझा अधिकारको विषयमा संविधानले गरेको व्यवस्था के के छन्। त्यसको जानकारी सबैले लिनुपर्दछ। स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषयमा रहेर स्थानीय शासन सञ्चालन गर्नुपर्ने भएकोले आफ्नो संवैधानिक अधिकारको सम्बन्धमा जानकारी हुन आवश्यक छ।

स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषयहरूमा हालसम्म कानुन तर्जुमाको अवस्था कस्तो छ ? तिनको कार्यान्वयन कसरी भइरहेको छ ? कुनलाई संशोधन, परिमार्जन वा खारेज नै गर्नुपर्ने हो, कति नयाँ कानुन निर्माण गर्नुपर्ने हो ? यस बारेमा चासो राख्नुपर्दछ। यसरी कानुनको निर्माण गर्दा स्थानीय सरकारले संघ र प्रदेशका कानुनसँग नबाझिने गरी गर्नुपर्दछ।

२. स्थानीय सरकार सञ्चालन ऐनबारे जानकारी

स्थानीय सरकार सञ्चालनको मूल दस्तावेज भनेको नै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ भएकोले आफ्नो अधिकार तथा भूमिका र अधिकारको सीमाबारे जानकारी हुनु आवश्यक हुन्छ। गाउँपालिका तथा नगरपालिकाको अधिकार, वडा समितिको काम, कर्तव्य र अधिकार साथै अध्यक्ष वा प्रमुख, उपाध्यक्ष वा उपप्रमुख, वडाध्यक्षबारे जानकारी आवश्यक पर्दछ। कार्यपालिका सदस्यहरूको काम, कर्तव्य र अधिकार, योजना तर्जुमा तथा कार्यान्वयन, सभाको बैठक कसरी सञ्चालन हुन्छन्, यो जान्नुपर्ने विषय हो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले केही महत्वपूर्ण विषय समेटेका छन्। जस्तै, स्थानीय व्यवस्थापिका, स्थानीय कार्यपालिका, स्थानीय तहका वित्तीय अधिकार क्षेत्र, आर्थिक कार्य प्रणाली, प्रशासकीय संगठन र कर्मचारी व्यवस्था, कर्मचारी दरबन्दी, प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार आदि। यी विषयमा स्थानीय जनप्रतिनिधि विस्तृत रूपमा जानकार हुनुपर्दछ।

३. बेरुजु रकमको मूल्यांकन र विश्लेषण

आफ्नो स्थानीय तहमा हालसम्म के कति रकमको बेरुजु छ थाहा पाउनुपर्छ। साथै, बेरुजु हुनुका कारण खोज्नुपर्दछ। कुन कार्यक्रम शीर्षकमा, कुन चौमासिकमा गरेको खर्चमा बेरुजु देखियो, त्यसको गहन विश्लेषण गरी भविष्यमा बेरुजु नियन्त्रण हुने गरी कार्य गर्नुपर्छ।

४. मानव संसाधन व्यवस्थापन

मानव संसाधन व्यवस्थापन गतिशील, चुस्त, दुरुस्त बनाइराख्नु आजको डिजिटल युगमा अपरिहार्य छ। कुन कर्मचारीको कुन विषयमा विज्ञता छ ? के गर्न सक्ने दक्षता र अनुभव छ ? उसलाई कुन विषयगत क्षेत्र, शाखा, महाशाखाको जिम्मेवारी दिंदा उत्पादकत्वमा वृद्धि हुन्छ, कसलाई कस्तो तालिमको आवश्यकता छ ? यसबारे जानकारी हासिल गर्दै विस्तृत कार्ययोजना बनाउनुपर्छ। साथै, उनीहरूको क्षमता विकास गर्नुपर्छ।

५. प्रशासनिक संघीयताको अभ्यास

देश संघीयतामा गयो तर प्रशासनिक संघीयताको अभ्यास अझै भइनसकेको गुनासा हरूलाई उचित तबरबाट सम्बोधन गर्न सकिन्छ। कार्य सुरक्षा, कार्य वातावरण, उत्प्रेरणा, थप जिम्मेवारी, प्रोत्साहन, सबै जनशक्तिलाई समान अवसर प्रदान गर्ने प्रशासनिक प्रणालीको विकास गर्नुपर्छ।

कसैलाई काखा र कसैलाई पाखा गर्ने परिपाटीको अन्त्य गरी ज्ञान, सीप, क्षमता, दक्षता अनुसार कार्य जिम्मेवारी प्रदान गर्नुपर्ने हुन्छ।

६. स्थानीय तहको स्वमूल्याङ्कन

आफ्नो स्थानीय तहमा विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित विषयमा स्वमूल्याङ्कन गर्दै आफ्नो पालिकाको सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर, चुनौतीको हालसम्मको विश्लेषण गरी भविष्यका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्दै लैजानुपर्दछ। विगतमा हामी कहाँ थियौं, हाम्रो अवस्था कस्तो थियो, के के कमजोरी रहेछन्, हाम्रा सबल पक्ष के के रहेछन् ? यसबारे जानकारी लिनुपर्दछ। आफ्ना चुनौती र अवसर केके छन् ? अब पूरा गर्नुपर्ने जिम्मेवारी के हो ? कुन कुन विषयमा हामीले सुधार गरी कार्यक्रम बनाउने हो ? यसबारेमा यथेष्ट जानकारी हुनुपर्दछ।

यावत् कुराको विश्लेषण स्थानीय तहको स्वमूल्याङ्कनले प्रदर्शित गर्ने भएकोले प्रत्येक स्थानीय सरकारले आफ्नो पालिकाको मूल्याङ्कन गर्नुपर्दछ। स्थानीय तहका मुख्य मूल्यांकनका औजारहरूमा स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्ने, स्थानीय तहको स्वमूल्यांकन, स्थानीय

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय ०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००८०१३०
इ.प्र.का. उर्लाबारी ०२१-५४०००२
सिमा प्रहरी चौकी ०२१-४३५८४०

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

# मानवीय तथा भौतिक विकास संग-संगै : मन्त्री कार्की

विराटनगर । प्रदेश १ का आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीले मानवीय तथा भौतिक विकासलाई एकैसाथ लैजानुपर्नेमा जोड दिनुभएको छ ।

सोमबार विराटनगरमा आयोजित संयुक्त राष्ट्रसङ्घीय दिगो विकास कार्यक्रम सहयोग कार्यढांचा (२०२३-०२७) को तर्जुमाका लागि प्रदेश स्तरीय परामर्श कार्यक्रममा कार्यक्रममा बोल्दै मन्त्री कार्कीले मानवीय सन्तुष्टिलाई हेरेर योजना बनाउनुपर्ने वताएको छ ।

'काठमाण्डौंमा बस्ने मानिसको विकासप्रतिको आकांक्षा र विराटनगरमा बस्नेको विकास प्रतिको आकांक्षा फरक छ । उहाँले भन्नुभयो, कसैलाई विहान बेलुका कसरी हातमुख जोड्ने भन्ने छ त कसैलाई सम्पत्तिको सुरक्षा कसरी गर्ने भन्ने छ । त्यस कारण हुँदा खानेलाई हुने खाने बनाउने र हुनेखानेको सम्पत्तिको सुरक्षा कसरी गर्ने भन्ने योजना साथ जानुपर्छ ।'

छलफल गोष्ठीले मात्रै लक्ष पुरा गर्न नसकिने उल्लेख गर्दै छलफलबाट निस्केको निष्कर्षलाई व्यवहारमा लागु गरेर कार्यान्वयन गर्नुपर्नेमा मन्त्री कार्कीले जोड दिनुभयो । 'एउटा मात्र कुरालाई फोकस गरेर योजना बनायौं भने त्यो सम्भव छैन । उहाँले भन्नुभयो, विभिन्न अध्ययन अनुसन्धानका साथ २०२३ देखी सुरु हुने संयुक्त राष्ट्रसङ्घीय दिगो विकास कार्यक्रमलाई फलदायी बनाउनु होस् ।'

नेपालमा संयुक्त राष्ट्रसङ्घीय समन्वयका लागि अल्पकालीन र मध्य कालीन प्राथमिकता माथि छलफल तथा परामर्श गरी रणनीतिक साझेदारीलाई थप सुदृढीकरण गर्ने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको आयोजकले बताएको छ । परामर्श कार्यक्रममा सहभागीले सन २०२३ बाट सुरु हुने कार्यक्रममा भौतिक, आर्थिक, सामाजिक सबै क्षेत्र समेटेर दिगो विकाशको ढाँचा तयार पाइनुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रममा प्रदेश योजना आयोगका उपाध्यक्ष डा.पूर्णकुमार लोक्सम, सदस्यहरू, मुख्य सचिव लगायत सरोकार वाला निकायका प्रतिनिधिको सहभागिता रहेको थियो ।

# म्यूजिक भिडियो रिजिल



हिरालाल साह

बिराटनगर । बिरनटनगरको कथामा आधारित म्युजिक अडियो बर्षौं पछि बिराटनगरको होटल एशियाटिकमा एक कार्यक्रम गरि वल्डवाइज रिलिज भएको छ।

गायक द्वय धिरज सापकोटा र अनमोल मुरारी को गीत तथा संगित रहेको अडियो बरिष्ठ गायक रामा मण्डलबाट अनलाइनको बटन थिचेर रिलिज गरिएको हो ।

गायक सापकोटा र मुरारी बिराटनगर १० का बासिन्दा भएकोले यहाँको मातृत्व प्रेम झल्कने जहाँबाट हुर्के बढे त्यसको कथालाई समेटिएको गीति एल्बमले सिर्जनामा एक नयाँ आयाम थपेको प्रशंसा बिराटनगर १० का बडा अध्यक्ष अर्जुन गिरीले गरेका थिए ।

बरिस्ठ गायक रामा मण्डलले गायकद्वय आफै रचनाकार, लेखक, संगितकार र गायक हुनु गर्व रहेको त्यसमाथि बिराटनगरमै आएर रिलिज गरेकोमा आयोजकलाई धन्यवाद दिएका थिए । मण्डलले आफ्नो गित गाएर दर्शकको मनलाई संगितमय बनाएका थिए ।

गायक अनमोल मुरारीले यो म्युजिक अडियो बाट भिडियो अडियो चाँडै आउने जानकारी गराएका थिए।

कार्यक्रममा नायक पुष्प श्रेष्ठले अडियोको सफलताको शुभकामना दिएका थिए ।

त्यसैगरी झोराहाट नाट्य समुहका कलाकार भरत गुरागाई, संगितकर्मी, पत्रकारहरुको उपस्थिति रहेको थियो ।

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर
www.crimeoperation.net
मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक

# स्थानीय सञ्चार नीतिमा समेटिनुपर्ने विषयबस्तु




विराटनगर । स्थानीय सञ्चार नीतिमा समेटिनुपर्ने विषयहरुको कार्यशाला शुक्रबार शिवसताक्षीको दूधेमा सम्पन्न भएको छ ।

नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजना र शिवसताक्षी नगरपालिकाको सहकार्यमा भएको कार्यशालाको उद्घाटन प्रमुख अतिथि पत्रकार महासंघ प्रदेश १ का अध्यक्ष लीलाबल्लभ घिमिरेले गरेका थिए ।

पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यशालाको सहजीकरण महासंघ प्रदेश १ का महासचिव विवेक गौतमले गरेका थिए । कार्यशालामा ५२ जनाको सहभागिता रहेको थियो ।

महासंघ प्रदेश १ का अध्यक्ष घिमिरेले सरोकारवालाबीचको बृहत छलफलबिनै ल्याइने सञ्चार कानून मान्य नहुने बताएका छन् । कतिपय स्थानीय सरकारले पत्रकार महासंघसहित सरोकारवालाहरुसँग छलफलबिनै कानून ल्याउन लागेको विषयप्रति ध्यानाकर्षण भएको बताउँदै घिमिरेले महासंघले सशक्त खबरदारी गर्ने बताए । उनले प्रेसलाई अंकुश लगाउनेभन्दा पनि पत्रकार र सञ्चारमाध्यमको प्रबर्द्धनमा टेवा पुग्ने सञ्चार नीति बन्नुपर्नेमा जोड दिए ।

हरेक पालिकाले संस्थागत रुपमा पत्रकार महासंघसँग सहकार्य गर्ने हो भने सञ्चारमैत्री र समृद्ध सञ्चार नीति बन्ने अध्यक्ष घिमिरेले बताए । स्थानीय सञ्चारमाध्यम, स्थानीय सञ्चार कर्मी, स्थानीय भाषा लगायतका विषयमा कानून बनाउँदा नै स्थानीय सरकारले उनीहरुको विकास र प्रबर्द्धनमा टेवा पुग्ने गरी व्यवस्था गर्नुपर्ने घिमिरेको सुझाव छ ।

कार्यशालाको सहजीकरण गर्दै महासंघ प्रदेश १ का महासचिव गौतमले सूचनाको हकको रक्षा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, स्थानीय पत्रकार र सञ्चार माध्यमको विकास र प्रवर्द्धनमा टेवा पुग्ने सञ्चार नीति स्थानीय सरकारले बनाउनुपर्ने बताए । नयाँ कानूनको अभावमा सञ्चार क्षेत्रमा संघीयताको अनुभूति नभएको उनले बताए । कानून बनाउदा सञ्चार क्षेत्रमाथि अंकुश लगाउने नभई विकास र प्रबर्द्धनमा टेवा पुग्ने तथा साझेदारी मोडलको हुनुपर्नेमा गौतमको जोड छ ।

प्रेस स्वतन्त्रता विरोधी तथा स्थानीय सञ्चारमाध्यम र पत्रकारको प्रबर्द्धन तथा विकासमा टेवा पुग्ने कानून नआए महासंघले सशक्त खबरदारीसँगै दवाब र आवश्यक परे आन्दोलन पनि गर्ने उनले बताए । उनले सञ्चार नीति र कानून बन्दा सञ्चार सम्बद्ध सबै सरोकारवालाबीच अनिवार्य छलफल गर्नुपर्नेमा जोड दिए ।

पत्रकार महासंघ झापाका अध्यक्ष गिरीले स्थानीय सरकारले सञ्चार सम्बन्धी कानून र नीति बनाउन शुरु गर्नु सकारात्मक भएको बताउँदै उक्त कार्यको लागि महासंघसँग पालिकाहरुले सहकार्य गर्न जरुरी रहेको बताए । स्थानीय सरकारले सञ्चार नीति बनाउँदा पत्रकार र सञ्चारमाध्यमलाई प्रतिबन्ध लगाउने खालका बनाउन नहुनेसहित तीन वटा कुरामा अध्यक्ष गिरीको जोड छ । स्थानीय पत्रकार र सञ्चारमाध्यमको विकासमा सहयोग पुग्नेगरी सञ्चार नीति बनाइनुपर्ने, सञ्चार नीतिले स्थानीय तहको विकास र गतिविधिमा पत्रकार र सञ्चार माध्यमहरुले सहयोग गर्न सक्ने वातावरण तयार गर्नुपर्ने गिरीले बताए ।

कार्यशालामा महासंघ प्रदेशका कोषाध्यक्ष विमल लामिछाने, कार्यसमिति सदस्य लीलाराज झापाली, विष्णु सुब्बा, प्रेस युनियनका उपाध्यक्ष गिरीराज भट्टराई, प्रेस चौतारीका प्रतिनिधि उमानाथ भण्डारी, समाजवादी प्रेस संगठनका अनिलदेव राई, मिडिया नेपालका अध्यक्ष रञ्जित प्रसाईं, नारी सञ्चार गृहकी अध्यक्ष भीमा शिवाकोटी, स्वतन्त्र पत्रकार संघ झापाका अध्यक्ष तथा मिडिया एक्सनका प्रदेश संयोजक नरेन्द्र ढकाल, प्रेस क्लव शिवसताक्षीका अध्यक्ष सेलिङ केसी तथा पत्रकारहरु प्रेम राई, लीला अनमोल, चिरञ्जिवी घिमिरे, चुडामणि तिम्सिना, दिलीप घिमिरे, चन्द्रकान्त ढकाल लगायतले विभिन्न सुझाव राखेका थिए ।

महासंघ झापाका उपाध्यक्ष केशव भट्टराईले स्वागत र सचिव डिकेश लामाले कार्यक्रमको सञ्चालन गरेका थिए । स्थानीय सरकारले बनाउने सञ्चार सम्बन्धी ऐन तथा नीति निर्माणमा सहयोग पुग्नेगरी महासंघले कार्यशालामा आएका सुझावहरुलाई पालिकाहरुमा पेस गर्न सहसचिव अर्जुन राजवंशीसहितलाई जिम्मेवारी दिएको छ ।

स्थानीय नीति तथा कानून बनाउने विषयमा जनप्रतिनिधिहरु स्पष्ट हुनुपर्ने, पत्रकारको क्षमता विकास र महासंघको संस्थागत विकास तथा स्थानीय सञ्चार माध्यमको प्रबर्द्धनमा स्थानीय सरकार गम्भीर हुनुपर्ने, पत्रकारितामा महिलालाई प्रोत्साहित गर्नुपर्ने, स्थानीय सूचना अनिवार्य रुपमा स्थानीय सञ्चारमाध्यममा प्रकाशन/प्रशारणको व्यवस्था गरिनुपर्ने, स्थानीय तहमा बन्ने आमसञ्चार समन्वय तथा परामर्श समितिमा विज्ञ र स्वतन्त्र व्यक्तिलाई राख्नुपर्ने, अन्य सञ्चारमाध्यम झैं अनलाइनलाई पनि स्थानीय तहमा नै दर्ता गर्नुपर्ने, निर्देशनात्मक र हुकुमी शैलीभन्दा पनि आग्रह, समन्वय र सहकार्यको भावना सञ्चार नीतिमा झल्किनुपर्ने सुझाव सहभागीले राखेका छन् ।

पत्रकार महासंघ र स्थानीय सञ्चारसम्बद्ध सरोकारवालासँग छलफल नगरी लाखौं खर्च गरेर एनजीओले बनाउने सञ्चार सम्बन्धी कानून आफूहरुलाई मान्य नहुने भन्दै सहभागी सञ्चारकर्मीले सरोकारवालासँग छलफल, समन्वय र सहकार्यका लागि स्थानीय सरकारहरुलाई आग्रह गरेका छन् ।

स्थानीय सञ्चार नीतिमा समेटिनुपर्ने विषयबारे कार्यशाला

विराटनगर । स्थानीय सञ्चार नीतिमा समेटिनुपर्ने विषयहरुको कार्यशाला शुक्रबार शिवसताक्षीको दूधेमा सम्पन्न भएको छ ।

नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजना र शिवसताक्षी नगरपालिकाको सहकार्यमा भएको कार्यशालाको उद्घाटन प्रमुख अतिथि पत्रकार महासंघ प्रदेश १ का अध्यक्ष लीलाबल्लभ घिमिरेले गरेका थिए ।

पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यशालाको सहजीकरण महासंघ प्रदेश १ का महासचिव विवेक गौतमले गरेका थिए । कार्यशालामा ५२ जनाको सहभागिता रहेको थियो ।

महासंघ प्रदेश १ का अध्यक्ष घिमिरेले सरोकारवालाबीचको बृहत छलफलबिनै ल्याइने सञ्चार कानून मान्य नहुने बताएका छन् । कतिपय स्थानीय सरकारले पत्रकार महासंघसहित सरोकारवालाहरुसँग छलफलबिनै कानून ल्याउन लागेको विषयप्रति ध्यानाकर्षण भएको बताउँदै घिमिरेले महासंघले सशक्त खबरदारी गर्ने बताए । उनले प्रेसलाई अंकुश लगाउनेभन्दा पनि पत्रकार र सञ्चारमाध्यमको प्रबर्द्धनमा टेवा पुग्ने सञ्चार नीति बन्नुपर्नेमा जोड दिए ।

हरेक पालिकाले संस्थागत रुपमा पत्रकार महासंघसँग सहकार्य गर्ने हो भने सञ्चारमैत्री र समृद्ध सञ्चार नीति बन्ने अध्यक्ष घिमिरेले बताए । स्थानीय सञ्चार माध्यम, स्थानीय सञ्चारकर्मी, स्थानीय भाषा लगायतका विषयमा कानून बनाउँदा नै स्थानीय सरकारले उनीहरुको विकास र प्रबर्द्धनमा टेवा पुग्ने गरी व्यवस्था गर्नुपर्ने घिमिरेको सुझाव छ ।

कार्यशालाको सहजीकरण गर्दै महासंघ प्रदेश १ का महासचिव गौतमले सूचनाको हकको रक्षा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, स्थानीय पत्रकार र सञ्चार माध्यमको विकास र प्रवर्द्धनमा टेवा पुग्ने सञ्चार नीति स्थानीय सरकारले बनाउनुपर्ने बताए । नयाँ कानूनको अभावमा सञ्चार क्षेत्रमा संघीयताको अनुभूति नभएको उनले बताए । कानून बनाउदा सञ्चार क्षेत्रमाथि अंकुश लगाउने नभई विकास र प्रबर्द्धनमा टेवा पुग्ने तथा साझेदारी मोडलको हुनुपर्नेमा गौतमको जोड छ ।

प्रेस स्वतन्त्रता विरोधी तथा स्थानीय सञ्चारमाध्यम र पत्रकारको प्रबर्द्धन तथा विकासमा टेवा पुग्ने कानून नआए महासंघले सशक्त खबरदारीसँगै दवाब र आवश्यक परे आन्दोलन पनि गर्ने उनले बताए । उनले सञ्चार नीति र कानून बन्दा सञ्चार सम्बद्ध सबै सरोकारवालाबीच अनिवार्य छलफल गर्नुपर्नेमा जोड दिए ।

पत्रकार महासंघ झापाका अध्यक्ष गिरीले स्थानीय सरकारले सञ्चार सम्बन्धी कानून र नीति बनाउन शुरु गर्नु सकारात्मक भएको बताउँदै उक्त कार्यको लागि महासंघसँग पालिकाहरुले सहकार्य गर्न जरुरी रहेको बताए । स्थानीय सरकारले सञ्चार नीति बनाउँदा पत्रकार र सञ्चार माध्यमलाई प्रतिबन्ध लगाउने खालका बनाउन नहुनेसहित तीन वटा कुरामा अध्यक्ष गिरीको जोड छ । स्थानीय पत्रकार र सञ्चारमाध्यमको विकासमा सहयोग पुग्नेगरी सञ्चार नीति बनाइनुपर्ने, सञ्चार नीतिले स्थानीय तहको विकास र गतिविधिमा पत्रकार र सञ्चारमाध्यमहरुले सहयोग गर्न सक्ने वातावरण तयार गर्नुपर्ने गिरीले बताए ।

कार्यशालामा महासंघ प्रदेशका कोषाध्यक्ष विमल लामिछाने, कार्यसमिति सदस्य लीलाराज झापाली, विष्णु सुब्बा, प्रेस युनियनका उपाध्यक्ष गिरीराज भट्टराई, प्रेस चौतारीका प्रतिनिधि उमानाथ भण्डारी, समाजवादी प्रेस संगठनका

वांकी अन्तिम पेजमा...

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

## सडक नालामा मृत अवस्थामा भेटियो यूवाको शव

विराटनगर । विराटनगर महानगर पालिका वडा वडा नं. ६ सरौचिया सडक खण्डको नालामा लडेको अवस्थामा मृत यूवाको शव भेटिएको छ ।

उक्त शव विराटनगर महानगर पालिका वडा-५ का ३० वर्षिय सन्तोष मण्डल भएको खुल्न आएको छ ।

मंगलबार राती ११ बजे मृत भेटिएका हुन् । मण्डलको शव मंगलवार राती फेला परेको थियो । मण्डलको टाउँको नालामा र खुट्टा बाहिर निस्केको अवस्थामा स्थानियले देखेपछि प्रहरीलाई जानकारी गराएका थिए । घटनास्थलमा तत्काल वडा प्रहरी कार्यालय विराटनगरको प्रहरी टोली पुगेको थियो ।

मृतकको नमथर र वतन नखुलेको मण्डलको बुधबार विहान पहिचालन खुलेको प्रहरीले जनाएको छ । कानुनी प्रक्रिया पुरा गरि अहिले पोस्मार्टमको लागि विराटनगरस्थित कोशी अस्पतालमा राखिएको छ ।

मोरङ प्रहरीका प्रवक्ता डिएसपी दिपक श्रेष्ठका अनुसार घटनाको विषयमा थप अनुसन्धान भइरहेको उनले बताए ।

## विभिन्न मुद्दाका ५ जना फरार प्रतिवादी पक्राउ

विराटनगर। झापा र मोरङ जिल्लाको छुट्टाछुट्टै स्थानबाट विभिन्न मुद्दाका फरार प्रतिवादी ५ जनालाई प्रहरीले पक्राउ गरी कारागार चलान गरिएको छ ।

सम्मानित जिल्ला अदालत झापा र मोरङको विभिन्न मितिको फैसलाले कैद सजाय र जरिवाना तोकि हाल सम्म फरार रही लुकि छिपि बसेका दमक नगरपालिका-७ झापाका ३९ वर्षीय तेजु भन्ने तेज वहादुर मगर, मिक्लाजुङ गाउँपालिका-३ मोरङका ४० बर्षीय सुमनसंभी लिम्बु, सोही स्थानका २६ बर्षीय रमेश घिमिरे, बेलबारी नगरपालिका-२ लालभित्ती मोरङका २१ बर्षीय अर्जुम झागड र धनपालथान गाउँपालिका-५ मोरङका सुन्नर सरदार पक्राउ परेका हुन् ।

विशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले लागुऔषध मुद्दामा सम्मानित झापा जिल्ला अदालतको मिति २०७६ जेठ ५ गतेको फैसलाले ६ वर्ष कैद र १० हजार जरिवाना तोकिएका मगरलाई दमक-६ स्थितबाट पक्राउ गरेको थियो ।

त्यसैगरी सम्मानित जिल्ला अदालत मोरङको २०७८ श्राव १ र २ गतेको फैसलाले विना इजाजत राष्ट्रिय वन क्षेत्रमा प्रवेश मुद्दा र हातहतियार खरखजाना मुद्दामा १० महिना २९ दिन कैद र ३० हजार जरिवाना तोकिएका सुमनसंभी लिम्बु र जबरजस्ती करणी मुद्दामा २ महिना १० दिन कैद, ५ हजार जरिवाना तोकिएका रमेश घिमिरेलाई इलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो ।

चोरी मुद्दामा ५ महिना १६ दिन कैद र ५ हजार जरिवाना तोकिएका अर्जुन झागडलाई इलाका प्रहरी कार्यालय बेलबारीले र नकवजनी चोरीमुद्दामा ७ महिना ५ दिन कैद, १० हजार रुपैया जरीवाना तोकीएका सुन्नर सरदारलाई इलाका प्रहरी कार्यालय रंगेलीले पक्राउ गरेको थियो ।

पक्राउ परेका उनिहरुलाई कैद भुक्तानको लागि जिल्ला कारागार पठाईएको छ ।




## लागुऔषध सहित पाँच पक्राउ

विराटनगर । झापाको शिवसताक्षी नगरपालिका-१० दोमुखा स्थितबाट अबैध लागुऔषध ब्राउनसुगर सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

लागुऔषध ब्राउनसुगरको किनबेच भईरहेको भन्ने विशेष सुचनाको आधारमा आईतवार इलाका प्रहरी कार्यालय झिलझिलेबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा माई नगरपालिका-८ ईलामका २५ बर्षीय सुजेन्द्र राई, झापा कन्काई नगरपालिका -३ का ४३ बर्षीय बेनु प्रसाद चिमरिया र कन्काई-४ का ३२ बर्षीय हेम नारायण चौधरी रहेका छन् ।

लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेका उनीहरुको साथबाट प्रहरीले १७ ग्राम लागुऔषध ब्राउनसुगर, नगद ८८ हजार ५ सय, मोवाइल २ थान, र ३ थान मोटरसाईकल बरामद गरेको छ ।

त्यसैगरी सोही स्थानमा लागुऔषध खरिद गर्न आएका दमक नगरपालिका-१० का २८ बर्षीय सुजन राई र दमक नगरपालिका-९ का २५ बर्षीय सुरज तामाङलाई को ६ प ६९४८ नम्बरको मोटरसाईकल सहित नियन्त्रणमा लिईएको हो ।

त्यसरी लागुऔषध सहित पक्राउ परेका ५ जनाको सम्बन्धमा ईलाका प्रहरी कार्यालय झिलझिलेबाट थप अनुसन्धान भईरहेको छ ।

## विराटनगर विमानस्थल पीडितहरूको माग प्रति प्रधानमन्त्री सकारात्म



विराटनगर । विराटनगर विमानस्थल पीडित जग्गा धनीहरुले कि जमिनको मुआब्जा दिनुपर्ने कि रोक्का जमिन फुक्का गरिनुपर्ने माग राखेर एक साता देखी सडक आन्दोलन रहेका पीडितहरुको मागमा प्रधानमन्त्री शेरबहादुर देउवा सकारात्मक देखिएका छन ।

उनले पहिले जमिनको रोक्का फुकुवा गरिदिने र पछि बजेटको व्यावस्था गरेपछि विमानस्थल क्षेत्रीय स्तरको बनाउन आफुले सक्दो सहयोग गर्ने बताएका छन ।

आइतबार नेपाली कांग्रेसका केन्द्रिय सदस्य अमृत अर्याल, विराटनगर महानगर पालिकाका पूर्व मेयर तथा नेका केन्द्रिय सदस्य भीम पराजुली सहित ५ जनाको टोलीले प्रधानमन्त्री देउवालाई बालुवाटारमा भेटेर २० बर्षदे देखी विराटनगर विकासमा पछि पर्दै गएको र विकासका लागि प्रधानमन्त्रीले पहल गरिदिन आग्रह गरेको थियो ।

विराटनगर विमानस्थल क्षेत्रीय स्तरको बनाउन बजेट बिनियोजन नगरिएको र स्थानियको मुआब्जा पनि विरतण नगरिएको कारण स्थानियले सडक आन्दोलन गरिरहेको जानकारी अर्यालले प्रधानमन्त्री लाई गराएका थिए । पूर्व मेयर पराजुलीले विराटनगर विमानस्थलको ठेक्का लागि सकेको टर्मिनल भवनको ठेक्का रद्द गरेर विराटनरको विकासलाई पछि धकेल्ने काम भएको प्रधानमन्त्रीलाई बताए ।

आधा घण्टा धैर्य पूर्वक विराटनगरका समस्या सुनेका प्रधानमन्त्रीलाई विराटनरको रिङ रोड सिलान्यास भएको ४० बर्ष पुग्दा पनि नबनेको, विराटनगरको ढुवानको समस्या समाधान नभएको, प्रर्दशनी स्थल नबनेको, ६ सय विगा जमिन भएर पनि अमडुवामा स्पेशल इकोनोमिक जोन बन्न नसकेको लगायतका माग पराजुलीले राखेका थिए ।

अमृत अर्यालका अनुसार प्रधानमन्त्रीले विराटनगरको विकासका लागि आफु लाग्ने आवश्वास दिएको बताए । प्रधानमन्त्रीले विराटनगर विमानस्थल पीडितको समस्या नयाँ नागरिक उड्ययन मन्त्री आएपछि आफुले तत्काल जग्गा फुक्का गरिदिन भन्ने र पछि बजेटको व्यवस्था भएपछि विराटनगर विमानस्थललाई क्षेत्रीय स्तरको बनाउन काम अघि बढाउने बताए ।

प्रधानमन्त्रीसंगको साक्षात्कार मा अर्याल र पराजुलीसंगै विराटनगरबाट भेषराज पोखरेल, ज्ञानबहादुर खड्का, प्रदिप भगत सहभागि थिए ।

## मोरंग व्यापार संघमा महिला सेल्फ डिफेन्स तालिम सम्पन्न




विराटनगर। प्रदेश खेलकुद विकास बोर्ड, प्रदेश नं. १ र महिला उद्यम समिति, मोरंग व्यापार संघको समन्वयमा संघमा ३ दिने महिला सेल्फ डिफेन्स तालिम विहीवार सम्पन्न भएको छ ।

प्रदेश नं. १का आन्तरिक मामिला तथा कानून मन्त्रीमाननीय केदार कार्कीको प्रमुख अतिथ्यता र मोरंग व्यापार संघका अध्यक्ष नवीन रिजालको विशिष्ठ अतिथ्यतामा कार्यक्रम शुरुवात गरको थियो ।

कार्यक्रममा अध्यक्ष नवीन रिजालले सो तालिमबाट महिलाहरुले विभिन्न विधामा आत्मरक्षाका ज्ञान र सीपहरु प्राप्त गर्ने हुँदा अत्यन्त उपयोगी रहेको बताउनु भई मुलुकमा महिलाहरुलाई अपहेलना र दुर्व्यवहार गर्ने तत्वहरु विरुद्ध कडा भन्दा कडा सजाय दिने कानुनी व्यवस्था गरिनु पर्ने तथा महिला शक्तिकरणका लागि सरकारका नीतिहरु कमजोर देखिएकाले ठोस नीतिहरु बनाई कार्यान्वयनमा ल्याउनु पर्ने नितान्त आवश्यक रहेको बताउनु भएको थियो ।

त्यसैगरी संघकी महिला उद्यम समिति सदस्य एवं प्रदेश खेलकुद विकास बोर्डकी उपाध्यक्ष सुश्री जिना कार्की, मोरंग व्यापार संघको महिलाउद्यम समितिकी संयोजक श्रीमति बन्दना जैन सहित बोर्डका पदाधिकारीहरु, समितिका सचिव र सदस्यहरु लगायतको उपस्थिति रहेको थियो ।

आषाढ १४ गतेदेखि १६ गतेसम्म संचालन गरिएको सो तालिममा प्रदेश १ का विभिन्न जिल्लाबाट करिब ६० जना महिलाहरुको सहभागीता रहेको थियो ।

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
निःशुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

## विराटनगर र बढीगंगाबाट लागु औषध सहति पाँच जना पक्राउ

विराटनगर । लागुओषध सहित विराटनगर महानगर पाालिका र बुढीगंगा गाउँपालिकावाट प्रहरीले ५ जनालाई पक्राउ गरको छ ।

घटनाको विवरण अनुसार मोरङको विराटनगर महानगर पालिका वडा नं. १५ स्थित १ नम्बर र २ नम्बर ढाटबाट लागुऔषध सहित ४ जनालाई पक्राउ गरिएको छ ।

शुक्रवार लागुऔषध नियन्त्रण व्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले २ नम्बर ढाट छेउबाट भारतबाट नेपाल तर्फ आउदै गरेका मोरङ सुन्दरहरैचा नगरपालिका ४ का २६ बर्षीय पवन घिमिरे र सुन्दरहरैचा नगरपालिका ६ का २७ बर्षीय बिजय राईलाई लुपिजेसिक १२ ऐम्पुल, फेनारगन १२ ऐम्पुल, डाईजोपाम १२ ऐम्पुल, ऐभिल १२ ऐम्पुल सहित पक्राउ गरिएको थियो ।

त्यसै गरी बुधवार १ नम्बर ढाटबाट लागुऔषध नियन्त्रण व्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले बा ३५ प २७१४ नम्बरको मोटरसाईकलमा भारतबाट नेपाल तर्फ आउदै गरेको सुन्दरहरैचा नगरपालिका १२ का २० बर्षीय अभिषेक चौधरी र पछाडी सवार सुन्दरहरैचा नगरपालिका १२ कै १९ बर्षीय निशान गुरुङलाइ नेटराभेट १० एमजी ३० ट्याबलेट सहित पक्राउ गरिएको थियो ।

मोरङको बुढिगंगा गाउँपालिका-६ घेरावनीबाट लागुऔषध गाँजा सहित १ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मोटरसाईकलमा गाँजा ओसार पसार भईरहेको भन्ने बिशेष सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय निमुवाबाट खटिएको प्रहरी टोलीले दक्षिणबाट उत्तरतर्फ जाँदै गरेको को १४ प ८९६० नम्बरको मोटरसाईकलमा जेब्रा झोलामा प्याक गरेर लैजाँदै गरेको अवस्थामा ८ केजी गाँजा बरामद भएको थियो ।

मोटरसाईकलबाट गाँजा बरामद भए संगै मोटरसाईकल चालक सुन्दरहरैचा नगर पालिका-३ का ४५ बर्षीय नेत्र भट्टराईलाई समेत पक्राउ गरेको छ । गाँजा सहित पक्राउ भट्टाराईको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय मोरङबाट थप अनुसन्धान भईरहेको छ ।

पक्राउ परेका पाँचै जनाको ईलाका प्रहरी कार्यालय रानीबाट थप अनुसन्धान भईरहेको छ ।

## प्रदेश १ को मुख्य सचिवको विदाई

विराटनगर । प्रदेश नं. १ बाट सरुवा हुनुभएका प्रमुख सचिव डा. रामप्रसाद घिमिरेको आज बिदाइ कार्यक्रम सम्पन्न भएको छ । प्रदेश नं. १ मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सम्पन्न कार्यक्रममा मुख्यमन्त्री राजेन्द्रकुमार राईले सचिव घिमिरेको बिदाइ गर्नुभएको हो ।

उक्त कार्यक्रममा बोल्दै मुख्यमन्त्री राईले सचिव घिमिरेसँग छोटो समयमात्रै सहकार्य गर्न पाएको उल्लेख गर्नुभयो । छोटो समयको सहकार्य भए पनि उहाँले राम्रो छाप छोडेको अनुभव मुख्यमन्त्री राईले सुनाउनुभयो । मुख्यमन्त्री राईले सचिव घिमिरेमा भद्रता, शालीनताजस्ता केही लोभलाग्दा गुण आफूले पाएको उल्लेख गर्नुभयो । 'सचिव घिमिरे विषय विज्ञका रुपमा पूर्ण हुनुहुन्छ' मुख्यमन्त्री राईले भन्नुभयो ।

यस्तै, बिदाइ हुनुभएका सचिव घिमिरेले प्रदेश नं. १ मा कार्यरत रहँदा आफूले सबै क्षेत्रबाट सहयोग पाएको बताउनुभयो । उहाँले निजामती प्रशासन सँधै सेवा प्रवाहमा केन्द्रित हुनुपर्ने उल्लेख गर्नुभयो ।

सचिव घिमिरे प्रदेश नं. १ बाट सरुवा भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय जानुभएको छ । उहाँको बिदाइ कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवहरू, कर्मचारी, मुख्यमन्त्री का सल्लाहकारहरूलगायतको उपस्थिति रहेको थियो ।

सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर प्रदेश नं. १




## स्थानीय...

आर्थिक मूल्याङ्कन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, सामाजिक परीक्षण, स्थानीय तहको व्यवस्थापन परीक्षण जस्ता परीक्षण गर्नुपर्छ । यसबाट हरेक पालिकाको अवस्था पत्ता लगाउन सहयोग पुग्छ । समस्याको विश्लेषण गर्दै भावी कार्ययोजना बनाउन मद्दत पुग्छ । यस्ता मूल्यांकन र परीक्षण वर्षैपिच्छे गर्नुपर्छ ।

७. आवधिक योजना तर्जुमा

विकास योजना भन्नाले समग्र आर्थिक, सामाजिक विकासको उद्देश्य पूरा गर्न निश्चित अवधिभित्र हासिल गर्न लिइने लक्ष्य, नीति, रणनीति तथा कार्यक्रम हो । त्यस्ता कार्यक्रम लाई कार्यान्वयन गर्न चाहिने आवश्यक स्रोत साधनको व्यवस्था र सोबाट प्राप्त हुने नतिजा सहितको दस्तावेज नै विकास योजना हो । आज हामी कहाँ छौं, भोलि कहाँ पुग्ने, कति समयमा पुग्ने, कुन उद्देश्य राखेर पुग्ने भन्ने विषयको निर्क्योल गर्ने कुरा योजनाले तय गर्ने भएकोले स्थानीय सरकारले पनि आफ्ना योजना बनाउनुपर्दछ ।

योजनाका विषयवस्तु तथा प्रवृत्तिको आधारमा योजनाहरू विभिन्न प्रकारका हुन्छन् । यद्यपि, कार्यक्षेत्र र स्थानगत हिसाबले तीन प्रकारले योजना तर्जुमा गर्नुपर्ने हुन्छ- राष्ट्रिय आवधिक विकास योजना, प्रादेशिक आवधिक विकास योजना र स्थानीय तहको आवधिक विकास योजना ।

स्थानीय तहले पालिकास्तरीय गौरवका आयोजना, सांस्कृतिक, आर्थिक विकास लगायत योजनाहरू निर्माण गर्नुपर्दछ । दीर्घकालीन महत्व राख्ने रणनीतिगत योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ । आवधिक योजना समग्र योजनाको दस्तावेज भएकोले यसले आगामी वर्षहरूमा पालिका कस्तो अवस्थामा पुग्ने भन्ने निधो गरेको हुन्छ । जसले व्यवस्थित र दिगो विकासको सुरुवात हुन गई साधन, स्रोत, श्रम, प्रविधिको सर्वोत्तम प्रयोग भई स्थानीय तह समुन्नत हुन पुग्दछ ।

८. जनताका आधारभूत आवश्यकताको सम्बोधन

जनताका आधारभूत आवश्यकता भन्नाले गाँस, बास र कपास भन्ने गरिन्छ । जनताको घरदैलोको सरकार भनेको नै स्थानीय सरकार हो । स्थानीय सरकार नै जनताको सुख, दुःख, आशा र भरोसाको केन्द्र भएकोले जनताका आधारभूत आवश्यकता पूरा गर्नुपर्ने दायित्व पनि स्थानीय सरकारलाई छ ।

प्रत्येक स्थानीय तहका हरेक घरपरिवारको बिहान-बेलुका दुईछाक टार्ने वातावरण स्थानीय तहले गर्नु, मिलाउनुपर्दछ । यसका लागि स्थानीय सरकारले रोजगारीका अवसर सिर्जना गरी नीति, योजना र कार्यक्रम तय गरिनुपर्दछ । रोजगारीले आम्दानी बढ्छ र गुणस्तरीय जीवननिर्वाहमा सहयोग पुग्दछ ।

जनताको लागि अर्को नभई नहुने आवश्यकता आवास पनि हो । आफ्नो क्षेत्रभित्रका जनताका लागि व्यवस्थित रूपमा बसोबास को व्यवस्था मिलाउनु स्थानीय सरकारको दायित्वभित्र पर्छ । जमिन, घर नभएका, अवस्थित बसोबास गरेकालाई व्यवस्थित बसोबासको नीति अवलम्बन गरी व्यवस्थापन गरिनुपर्दछ ।

साधन, स्रोत पर्याप्त नभए पनि जनताका आधारभूत समस्याको समाधान स्थानीय सरकारले नै गर्नुपर्ने हुन्छ । त्यसैले यसका लागि दीर्घकालीन योजना बनाई लागू गर्नुपर्दछ । स्थानीय तहभित्र रहेका सरकारी वा व्यक्तिगत बाँझो जमिन सम्बन्धित पक्षसँग आवश्यक परामर्श गरी व्यावसायिक कृषि, पशुपालन वा स्थानीय आवश्यकता अनुसार अन्य आयमूलक कार्य गर्ने योजना अघि बढाउनुपर्छ । यसबाट स्थानीय स्तरका विपन्न तथा बेरोजगार व्यक्तिहरूलाई काममा लगाउन सकिन्छ । स्थानीय विकास निर्माणमा स्थानीय जनतालाई नै काममा लगाउँदा उनीहरूको आयस्रोतमा वृद्धि भई जीवनयापनमा सहजता पैदा हुन्छ ।

९. स्थानीय सरकार, प्रशासन र व्यवस्थापन

स्थानीय तह मातहत सबै कार्य अंगहरूको उचित व्यवस्थापन, निर्देशन, नियमन गरी व्यवस्थित संचालन गर्ने स्थानीय सरकार र प्रशासनको अहं भूमिका रहेको हुन्छ । स्थानीय सरकारले आफ्नो अधिकारको क्षेत्रभित्र पर्ने विषयमा आवश्यक नीति, कानुन तर्जुमा गर्ने, स्थानीय तहलाई दिशा निर्देशन गर्ने कार्यलगायत स्रोत, साधन, प्रविधिको व्यवस्थापन गर्ने र विकास प्रशासनको ध्येय अनुसार कर्मचारी प्रशासनले काम गर्ने वातावरणको सिर्जना गर्नुपर्छ ।

लोकतन्त्र भनेको जनताले, जनताका लागि, जनताद्वारा गरिने शासन प्रणाली भन्ने बुझिन्छ । जनताका इच्छा, आकांक्षा, चाहना र आवश्यकता पूरा गर्न, जनताले आफूमध्येबाट जनताको सार्वभौम अधिकार प्रयोग गर्ने गरी जनताले नै चुनावमार्फत चुनेर पठाएका प्रतिनिधि भएकोले स्थानीय संयन्त्रको उच्चतम प्रयोग गर्दै स्थानीय सरकारले आफ्ना कार्यहरू गर्नुपर्दछ । हामीसँग ज्ञान, सीप, पुँजी, प्रविधि सबै छ । यसको समग्र व्यवस्थापन गर्दा सर्वसुलभ, छिटोछरितो, गुणस्तरीय सेवा प्रवाह, सुशासन, पारदर्शिता, सूचनाप्रविधिमा जनताको पहुँच वृद्धि हुन जान्छ ।

स्थानीय सरकारले आगामी वर्षको कार्यदिशा तय गर्दा सबैको अपनत्व हुने, सबैलाई विकासको प्रतिफल प्राप्त हुने, भावी पुस्ताले पनि सम्झन लायक र जनताको जीवन स्तरमा सुधार ल्याउन सक्ने दीर्घकालीन महत्वका योजना लाई ध्यान दिनु जरूरी छ । यति गर्न सकियो भने हामीले चाहेको संघीयता र यसले दिने सेवाको प्रभावकारिता र विश्वसनीयता बढ्छ । यो हुनु भनेको देश विकासको गतिमा अघि बढी समृद्धिमा सहयोग पुग्नु हो ।

निष्कर्ष

स्थानीय तह एउटा स्वायत्त निकाय भएको हुनाले यसका आफ्नै अधिकार क्षेत्र रहेका छन् । यी अधिकारको समुचित प्रयोग गर्न नीति र कानुनबारे जानकार हुनु आवश्यक रहेको छ । हाम्रा स्थानीय तहका धेरै जनप्रतिनिधि समाजमा चिनिएका हुन्छन् । जनअपेक्षा पनि बढी नै हुन्छन् । जनतालाई सुशासनको प्रत्याभूति हुने गरी कार्य गर्न जनप्रतिनिधि सधैं चनाखो हुनुपर्छ । स्थानीय तहका कर्मचारीले पनि यसमा जनप्रतिनिधिलाई कानुनतः यो व्यवस्था छ भन्ने कुरा बुझाउनुपर्छ । तब मात्र विकास र यसको साझेदार पक्षबीच सुमधुर सम्बन्ध कायम हुन्छ । जनमानसमा स्थानीय सरकारको विश्वसनीयता कायम हुनपुग्छ । यो नै राष्ट्र निर्माणको आधारशिला हो ।




